# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०९।३० गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सर्लाही, बलरा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट आ.व. २०८०/०८१ मा संचालन भएको किशोरीहरुको लागि खेलौना बनाउने तालिममा विनियोजित भएको रकम हिनामिना गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला सर्लाही अन्तर्गत बलरा नगरपालिकामा आ.व. ०८०/८१ मा विभिन्न कार्यक्रम/परियोजना अनुसार बजेट बिनियोजन भएकोमा बलरा नगरपालिकाले आ.व. २०८०/०८१ मा ११ औं नगरसभाबाट पारित नगरस्तरीय कार्यक्रम ***"किशोरीहरुको लागि खेलौना बनाउने तालिम"*** को रु.४,००,०००।– बजेट बिनियोजन भई उक्त तालिमको लागि बलरा नगरपालिकाले रु.३,९९,९९९।७ लागत अनुमान तयार गरी बलरा नगरपालिका र शान्ति विकास कल्याण केन्द्र गौर-८, रौतहट बीच ३० कार्यदिन तालिम संचालन गर्न सम्झौता गरी मिति २०८१/०१/११ गते तालिम संचालन भई मिति २०८१/०२/१० गते समापन भएको भनिएकोमा उक्त तालिममा बलरा नगरपालिका वडा नं ५ का सहभागीहरुले तालिम जम्मा ५ दिन मात्र भएको, यातायात खर्च नबुझेको तत् हस्ताक्षर/औंठाछाप नगरेको भनी स्थलगत मुचुल्कामा खुलाईदिएको देखिएको, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला शाखा कार्यालय बर्दिबास महोत्तरीले १७ जना सहभागीहरु मध्ये ९ जना सहभागीहरुको हस्ताक्षर/औंठाछाप नमिलेको भनी परीक्षण प्रतिवेदन दिएको देखिएको, उक्त तालिमको उपादेयता हासिल गर्न अनिवार्य रुपमा ३० दिन संचालन गर्नैं पर्ने अन्यथा त्यसको उपादेयता नै नहुने कुरा जानी बुझी तोकिएको तालिम सञ्चालन नगरी झुट्टा तथा नक्कली बिल भरपाई सहितका कागजात तयार एवं स्वीकृति गरी/गराई सोही बमोजिम बलरा नगरपालिकाबाट भुक्तानी लिए दिएको स्थापित भएको देखिंदा बलरा नगरपालिकाका **नगर प्रमुख रामा शंकर प्रसाद कुशवाहा, वडा अध्यक्ष मनोज मोहन कुमार सिंह, प्रमुख प्रशासकीय अधिकृत सुशिल कुमार साह, योजना शाखा प्रमुख उदय कुमार साह, सहायक लेखापाल राज कुमार महतो**, शान्ति विकास कल्याण केन्द्र नेपालका **अध्यक्ष सविन्द्र नरायाण साह**, उक्त केन्द्रका **उमेश कुमार पासवान** र **जाजुल मिया कवारी**समेतको एक आपसी मिलेमतोमा तथा योजनामा ३० कार्य दिन नै संचालन भए गरेको भनी देखाउन उद्घाटन/समापनको हाजिर विवरणमा बलरा नगरपालिकाका नगर प्रमुख रामा शंकर प्रसाद कुशवाहा र वडा अध्यक्ष मनोज कुमार सिंह उपस्थित भई सोही उपस्थितिसमेत देखाई हस्ताक्षर गरी सम्झौता बमोजिम तालिम संचालन नै नगरी नगराई सहभागी भनिएकाहरुको झुट्टा तथा नक्कली बिल भरपाई लगायतका कागजात तयार गरी गराई गलत प्रतिवेदन दिई दिन लगाई सोही झुट्टा तथा नक्कली बिल भरपाई लगायतका संलग्न कागजातहरुको आधारमा शान्ति विकास कल्याण केन्द्रलाई रु.३,८२,०५३।– राष्ट्रसेवक र राष्ट्रसेवक बाहेकका व्यक्तिहरुले गैरकानूनी लाभ लिने दिने उद्देश्यले भुक्तानी दिए लिएको पुष्टि भएकोले निजहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को (ङ) बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादीहरुलाई देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | बलरा नगरपालिकाका नगर प्रमुख **रामा शंकर प्रसाद कुशवाहा** | रु.३,८२,०५३।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा बिगो रु. तीन लाख बयासी हजार त्रिपन्न रुपैयाँ कायम गरी सोही ऐनको दफा ८ को |

| | | | |
|---|---|---|---|
| | | | उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर हुनका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ बमोजिमको माथि विवेचना गरे तथा मागदावी लिए बमोजिमको कसूरजन्य कार्य गरेको पुष्टि भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुनसमेतको मागदाबी लिइएको छ। |
| २. | बलरा नगरपालिकाका वडा नं. ५ का वडा अध्यक्ष **मनोज मोहन कुमार सिंह** | रु.३,८२,०५३।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को (ङ) बमोजिमको कसुरमा बिगो रु. तीन लाख बयासी हजार त्रिपन्न रुपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | बलरा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **सुशिल कुमार साह** र लेखापाल **राज कुमार महतो** | जनही रु.३,८२,०५३।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को (ङ) बमोजिमको कसुरमा बिगो रु. तीन लाख बयासी हजार त्रिपन्न रुपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | बलरा नगरपालिकाका तत्कालीन योजना शाखा प्रमुख **उदय कुमार साह** | रु.३,८२,०५३।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को (ङ) बमोजिमको कसुरमा बिगो रु. तीन लाख बयासी हजार त्रिपन्न रुपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगोसमेत असुल उपर हुन तथा गलत प्रतिवेदन दिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको छ। |
| ५. | शान्ति विकास कल्याण केन्द्र नेपाल, गौर-८, रौतहटका अध्यक्ष **सविन्द्र नारायण साह,** सदस्य **उमेश कुमार पासवान** र सदस्य **जाजुल मिया कवारी** | रु.३,८२,०५३।– | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा बिगो रु. तीन लाख बयासी हजार त्रिपन्न रुपैयाँ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो जफत हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने